मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उपमहानगरका ९ परिवारलाई सिलाई मेसिन

हेटौंडा, २७ चैत/दैनिक आयआर्जनमा जोडिनका लागि हेटौंडा उपमहानगरपलिकाले उपमहानगरक्षेत्रका ९ परिवारलाई सिलाई मेसिन हस्तान्तरण गरेको छ । दलित बर्ग आयआर्जन कार्यक्रमअन्तरगत् हेटौंडा उपमहानगरभित्र बसोबास गर्दै आएका ६ वटा वडाका ९ जनालाई दैनिक जीवनयापनमा सहयोग पुर्‍याउनका लागि हेटौंडा उपमहानगरका प्रमुख मीनाकुमारी लामाले सिलाई मेसिन हस्तान्तरण गरेकी हुन् । मेसिन हस्तानतरण गर्दै नगरप्रमुख लामाले मेसिनको सही सदुपयोग गर्दै आयआर्जनमा जोडिन आग्रह गरिन् । घरमा बसीबसी आफ्नो सीपलाई तिखार्दै भोलिको दिनलाई सुन्दर बनाउँनतर्फ लाग्न उनको सुझाब थियो । उपमहानगरले दिगो आयआर्जनमा जोडिनका लागि नगरवासीलाई बिभिन्न शीर्षकमा सहयोग गर्दै आएको उनले बताइन् । प्रतिमेसिन करिब १५ हजार रुपैयाँको लागतमा खरीद गरी १, ५, ८, ११, १७ र १८ नम्बर वडाका ९ परिवारलाई हस्तान्तरण गरेको हेटौंडा उपमहानगरपालिका समाजकल्याण शाखाका प्रमुख भैरव कुमालले जानकारी दिए । कार्यक्रममा दलितबर्ग उत्थान जिल्ला समन्वय समितिका सचिव कमलकुमार बिश्वकर्माको सहभागिता रहेको थियो ।

# सत्ता केन्द्रित राजनीतिले निरन्तर कमजोर बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/देशका ७ वटा प्रदेशमध्ये बागमती प्रदेश अर्थतन्त्रमा बलियो छ । विकासको सूचकांकमा अब्बल हुनुका साथै राजश्व आम्दानीमा पनि बागमती पहिलो नम्बरमा आउँछ ।

७ प्रदेशमध्ये सबैभन्दा ठूलो आकारको बजेट बागमतीले ल्याउने गर्छ । तर, हरेक वर्ष विकास बजेट खर्च कमजोर रहँदै आएको छ । बागमती प्रदेश मात्र नभई संघीय सरकारकै बजेट खर्च निराशाजनक छ । मुलुकको आर्थिक सम्मृद्धिमा सरकारको पुँजीगत खर्चको ठूलो महत्व र योगदान हुन्छ । तर, पछिल्ला वर्षहरुमा सरकारको पुँजीगत खर्च गर्नसक्ने क्षमता कमजोर हुँदै गएको छ । सरकार खर्च गर्न नसक्ने समस्याको दलदलमा भासिँदा मुलुकमा आर्थिक क्रियाकलापहरु संकुचित बन्दै गएका छन् । रोजगारीका नयाँ अवसरहरु सिर्जना हुन सकेका छैनन् । बागमती सरकारको चालू आर्थिक वर्ष २०७९/०८० को आठ महिनामा पुँजीगत खर्च १७ दशमलव ३६ प्रतिशत मात्रै छ । तर, चालू खर्च भने पुँजीगतको दोब्बर छ ।

विकास बजेट खर्चमा कमजोर देखिँदै आएको बागमती सरकारको हरेक वर्ष कर्मचारीको तलब, भत्ता, सुविधा, सवारीसाधन खरिद, इन्धनमा बढी खर्च भएको देखिन्छ । बागमती प्रदेशमा चालू आव ०७९/०८० को फागुन मसान्तसम्म २४ दशमलव १२ प्रतिशत मात्रै बजेट खर्च भएको छ । प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार विनयोजित बजेटको फागुन मसान्तसम्म जम्मा १७ अर्ब ११ करोड ८ लाख रुपैयाँ मात्र खर्च भएको छ । बितेको ८ महिनामा चालू खर्च ९ अर्ब २४ करोड ४२ लाख अर्थात ३४ दशमलव १४ प्रतिशत र पुँजीगत खर्चतर्फ १७ दशमलव ३६ प्रतिशत अर्थात् ७ अर्ब २६ करोड ६६ लाख रुपैयाँ खर्च गरेको छ ।

चालू आवका लागि प्रदेश सरकारले ७० अर्ब ९३ करोड ९३ लाख रुपैयाँको बजेट ल्याएको थियो । बजेट ल्याउँदा सरकारको प्रमुख राजेन्द्रप्रसाद पाण्डे र आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्कट्टेल थिए । उनै जम्कट्टेल हाल बागमती प्रदेशको मुख्यमन्त्री छन् । आफू सरकारको प्रमुख भएको अवस्थामा आफैंले ल्याएको बजेट खर्च गर्न उनी सकिरहेका छैनन् । उनलाई बजेट खर्च भन्दा पनि सत्ता प्राप्ति र टिकाउनमा बढी समय खर्चिनु परेको छ । ४ मंसिरमा निर्वाचन भएपछि प्रदेशसभाको दोस्रो कार्यकालमा माओवादी केन्द्र संसदीय दलका नेता जम्कट्टेल नेकपा एमाले र राप्रपाको समर्थनमा २५ पुसमा मुख्यमन्त्री बने ।



मुख्यमन्त्री भएपछि प्रदेशको समग्र विकासमा लाग्नुपर्ने उनलाई गठबन्धन टुटफुटले सम्भव भएन । माओवादी, एमाले र राप्रपाको सरकार २ महिना पनि टिकेन र नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी)को नयाँ सत्ता समिकरण बन्यो । मंसिरपछि सरकार प्रमुख बन्ने चटारो र सरकार बनेपछि विवाद, टुटफुट र फेरि नयाँ सरकार गठनमा सरकारको नेतृत्व गरिरहेका जम्मकट्टेलसहित सत्तारुढ दलहरु रुमलिएपछि विकास बजेट खर्चमा असर पुगेको छ । कयौं विकास आयोजनाहरु अलपत्र हुँदा निर्माणमा ध्यान दिन नसकेर सरकार फेरबदलमै चालू आवको ९ महिना बितिसक्यो । तर, आशा लाग्दो बजेट खर्च छैन । नयाँ सत्तासमिकरण बनेसँगै मुख्यमन्त्री जम्कट्टेलले सरकारलाई पूर्णता दिन सकेका छैनन् । आइतबार कांग्रेसबाट २ मन्त्री नियुक्त गर्दै ११ सदस्यीय मन्त्रिपरिषद्मा जम्मा ६ मन्त्रीहरु पुगेका छन् । अझै ५ मन्त्री नियुक्त गर्ने छाँटकाँट तत्काल देखिँदैन ।

सत्तारुढ दलहरु भागबण्डामा अड्किँदा प्रदेशको बजेट खर्चमा थप असर पुग्ने देखिन्छ । चालू आवको बजेट १४ वटा मन्त्रालयलाई बाँडिएको थियो । हाल मुख्यमन्त्री भएपछि जम्कट्टेलले मन्त्रालय संख्या ११ वटा कायम गरेका छन् । चालू आवको फागुन मसान्तसम्म सबैभन्दा धेरै बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले कूल बजेटको १६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । भौतिकले २३ अर्ब ५८ करोड ६४ लाख रुपैयाँ कुल बजेटमा ३ अर्ब ७९ करोड ८७ लाख रुपैयाँ मात्र खर्च गर्न सकेको हो । श्रम, रोजगार तथा यातायात मन्त्रालयले २९ करोड १५ लाख अर्थात ३० प्रतिशत मात्रै बजेट खर्च सकेको छ । वन तथा वातावरण मन्त्रालयले १ अर्ब २ करोड ३७ लाख रुपैयाँ अर्थात ३१ प्रतिशत बजेट खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जानकारी दिएको छ ।

स्वास्थ्य मन्त्रालयले १ अर्ब ३० करोड ५० लाख रुपैयाँ अर्थात २९ प्रतिशत बजेट खर्च गर्न सकेको छ । सामाजिक विकास मन्त्रालयले ९२ करोड २९ लाख रुपैयाँ अर्थात् २६ प्रतिशत खर्च गरेको पाइएको छ । प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई जम्मा २४ करोड ५८ लाख बजेट दिइएको थियो । जसमा ६ करोड २२ लाख अर्थात ५० प्रतिशत खर्च गरेको छ । प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कुल बजेटको १४ करोड १४ लाख अर्थात २२ प्रतिशत बजेट खर्च गरेको छ । मुख्यमन्त्री कार्यालयले ६३ करोड १९ लाख ६८ हजार रुपैयाँ बजेट राखेको थियो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयले ११ करोड २६ लाख अर्थात ४७ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले २ अर्ब २२ करोड ६६ लाख अर्थात २४ प्रतिशत, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले १२ करोड २२ लाख अर्थात २० प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ६४ करोड ८२ लाख अर्थात १५ प्रतिशत बजेट खर्च गरेको हो । युवा तथा खेलकुद मन्त्रालयले १९ करोड १३ लाख रुपैयाँ अर्थात् कुल बजेटको १६ प्रतिशत, संस्कृति तथा पर्यटन मन्त्रालयले १७ करोड २९ लाख अर्थात १० प्रतिशत, सबैभन्दा कम बजेट पाएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १७ करोड ३५ लाख रुपैयाँ खर्च गरेको छ ।

बागमती प्रदेश सरकार स्थापनाको पहिलो आर्थिक वर्ष २०७५/०७६ मा ल्याएको बजेटको जम्मा ६० प्रतिशत मात्र खर्च भएको थियो । आव ०७६/७७ मा ४७ अर्ब ६० करोड ७९ लाख रुपैयाँको बजेट ल्याएकोमा कुल बजेटको जम्मा ५९ प्रतिशत मात्र खर्च भएको थियो । प्रदेश सरकारले आव २०७७/७८ मा कुल विनियोजित बजेट ५१ अर्ब ४२ करोड ७५ लाख रुपैयाँमा ६९ प्रतिशत मात्र खर्च गरेको थियो । यस्तै गत आव २०७८/७९ मा पनि विनियोजन गरेको बजेट ५७ अर्ब ७२ करोड ९ लाख रुपैयाँमा ६६ प्रतिशत मात्र खर्च भयो । गत आवमा ३४ प्रतिशत बजेट फ्रिज भएको नियन्त्रक कार्यालयले जनाएको छ ।

विकास बजेट खर्च नहुनुमा प्रमुखत: ७ वटा कारणहरु रहेको अर्थविद्हरु बताउँछन् । राजनीतिक अस्थीरता, कर्मचारीको मानसिकता, सार्वजानिक खरिद ऐन, ठेकेदार तथा व्यापारीको गलत नियत, स्थानीय र उपभोक्ताको असहयोग, अख्तियारको त्राश, कमजोर सुशासनका कारण बजेट खर्च हुन सक्दैनन् । विकास खर्च हुन नसक्नुको सबैभन्दा ठूलो कारकतत्व भनेको राजनीतिक अस्थिरता हो । सरकारी कर्मचारीको मनोवृत्ति, ठेक्केदार व्यापारीहरु समयमै र राम्रो आयोजना निर्माण गर्नतिर भन्दा कम गुणस्तरको आयोजना बनाएर बढीभन्दा बढी खर्च देखाउने प्रवृत्ति, स्थानीय जनता र उपभोक्ता समितिका नाममा हुने राजनीति र वार्गेनिङ विकास निर्माणको अर्को बाधक, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अन्धाधुन्ध छापा मारेर कर्मचारीलाई दु:ख दिने गरेकाले पनि विकास निर्माणका आयोजनाहरु प्रभावित भएका छन् ।

# बागमती प्रदेशमा गठन भएनन् विषयगत समिति



साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/ बागमती प्रदेशसभाको दोस्रो कार्यकालको पहिलो अधिवेशन सुरु भएको तीन महिना बितिसक्दा पनि प्रदेशसभा अन्तर्गत् बन्नुपर्ने विषयगत समिति गठन भएका छैनन् ।

संघमा सत्ता समीकरणमा आएको परिवर्तन र दलहरुबीचको विवादको प्रत्यक्ष प्रभाव प्रदेशसभाका विषयगत समिति गठनमा समेत परेको छ । विषयगत समिति गठन नहुँदा प्रदेशसभाको प्रभावकारितामा समेत असर गरेको छ । प्रदेशसभाप्रति उत्तरदायी हुनुपर्ने सरकारले प्रदेशसभालाई काम नै दिन सकेको छैन । बागमती प्रदेशसभा सचिवालयका प्रवक्ता मनोजकुमार गुप्ताले समिति नबन्दा प्रदेशसभामा मिनी संसद्ले गर्नुपर्ने काम ठप्प भएको बताए । उनले समितिको निर्वाचन कहिलेसम्ममा गर्ने भन्ने कुनै कानुनी व्यवस्था नभए पनि प्रदेशसभाको पहिलो बैठक बसेको १५ देखि २० दिनभित्रमा गठन गर्ने सामान्य परम्परा रहेको बताए ।

प्रदेश सरकारको बजेट खर्चलगायत कार्यसम्पादनको अनुगमन, निरीक्षण गरी आवश्यक सल्लाह र निर्देशन दिने जिम्मेवारी र हेको प्रदेशसभाका विषयगत समिति नै गठन नभएपछि प्रदेश सरकारलाई पारदर्शी, जिम्मेवार र प्रभावकारी हुन नसकेको आरोप आउन थालेका छन् । बागमती प्रदेशसभाका पूर्वसदस्य रमेश पौड्यालले प्रदेशसभालाई जीवन्त राख्ने काम प्रदेश सभाअन्तर्गत समितिबाट मात्रै सम्भव हुने बताए । उनले समितिले प्रदेश सरकारका कामको निगरानी, अनुगमन र आवश्यक निर्देशनसँगै प्रदेशसभालाई चलायमान बनाउन भूमिका निर्वाह गर्ने भन्दै उनले प्रदेशसभाको विषयगत समिति प्रदेशसभाको महत्वपूर्ण अंग भएको धारणा व्यक्त गरे ।

प्रदेशसभा नियमावली, २०७४ नियम १४६ ले प्रदेश सरकारबाट सम्पादन हुने कामको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय-सल्लाह दिन पाँचवटा विषयगत समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति गठन गर्ने व्यवस्था प्रदेशसभा नियमावलीले गरेको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायत साना-ठूला दलका आ-आफ्नै माग र अडान रहेका कारण समिति गठनमा सहमति जुट्न नसकेको हो ।

प्रदेशसभामा रहने पाँचवटा विषयगत समितिमा कांग्रेस, एमाले र माओवादी केन्द्रले कम्तिमा दुईवटा समितिको सभापति पाउनुपर्ने माग दाबी गर्दै आएका छन् । थोरै सदस्य रहेका राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीले पनि समिति सभापति पाउनुपर्ने माग गरेका छन् । हाम्रो नेपाली पार्टीलाई अघिल्लो सत्ता गठबन्धनले जस्तै अहिलेको गठबन्धनले पनि सरकारमा मन्त्री दिन नसक्ने भएपछि समितिको सभापति दिएर चित्त बुझाउने प्रयासमा छ। प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात दलमध्ये पाँच दलले आफ्नो दलबाट समितिमा बस्ने सदस्यको नामावली प्रदेशसभा सचिवालयमा बुझाएका छैनन् ।

एमाले र माओवादी केन्द्रले मात्र प्रदेशसभा समितिमा राख्ने सदस्यको नामावली सचिवालयमा लिखित रुपमा पठाएका छन् । विषयगत समितिले प्रदेशसभामा दर्ता भएका विधेयकमाथि छलफल गरी प्रतिवेदनसहित प्रदेश सभामा पेस गर्ने, विकास निर्माण लगायतका सरकारका कामको अनुगमन, अनियमितताको अध्ययन, समन्वय, बजेट खर्चको अवस्था हेर्ने, अनावश्यक खर्च कटौतीका लागि राय, सुझाव र निर्देशन दिने दायित्वभित्र पर्छ तर, अघिल्लो गठबन्धनको जस्तै पछिल्लो गठबन्धनमा रहेका दलमा विषयगत समिति र प्रदेशसभाभन्दा सत्ता प्राथमिकतामा पर्दा समिति गठनमा ढिलाई भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेसिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

केदारनाथ सुनचाँदी पसल
हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।
प्रो. राहुल सुनार
मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !
(उत्तराखण्ड चारधाम)
बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।
**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।
भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोट:- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्क:-
गोपाल थापा, हेटौंडा बसपार्क
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

*Education is the real treasure*
*We are hiring...*
Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:
1. **Vice-Principal**
2. **Coordinators**
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. **Secondary & Basic Level Faculty**
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. **Secretary to CEO**
5. **School Counselor**
6. **ECA/CCA Instructor**
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. **Officers**
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. **Assistants:** *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. **Discipline Staffs**
10. **Drivers, Security Guards, Cook, Helpers, Gardener**

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा

## हाम्रो कुरा

# बक्यौताको ताकेता

नेपाल विद्युत् प्राधिकरण हेटौंडा वितरण केन्द्रलाई विद्युत् महसुलवापत् यहाँका औद्योगिक प्रतिष्ठानले दुई अर्ब ५५ करोड ५३ लाख रुपैयाँ बुझाउन बाँकी छ । लामो समयदेखि पटक-पटक ताकेता गर्दासमेत चालु आर्थिक वर्षको हालसम्म ती उद्योगबाट महसुल नबुझाइएको केन्द्रले जनाएको छ । केही उद्योगविरुद्ध महशुलसम्बन्धी मुद्दासमेत चलिरहको छ भने महसुल नतिर्ने पाँच सय ४२ उद्योगलाई कालोसूचीमा राखेर कारबाही प्रक्रिया अगाडि बढाइएको बताइएको छ । एकताका औद्योगिक प्रतिष्ठानलाई डेडिकेटेड फिडरको महसुल नतिरेसम्म थप विद्युत नदिने निर्णय प्राधिकरणले गरेका थियो । तर, प्राधिकरण यो निर्णयमा अडान लिन नसकेर निर्णय उल्ट्याएर थप विद्युत दिने निर्णय गरेको थियो ।

उद्योगहरु पूर्ण क्षमतामा चलुन्, प्राधिकरणको विद्युत खेर नजाओस् र बाँकी रहेको बक्यौता उठाउन पनि सहज होस् भनेरै डेडिकेटेडको महसुल नतिरेका उद्योगमा पनि प्राधिकरणले थप विद्युत दिन सुरु गरेको थियो । प्राधिकरणले लचकता अपनाएकै कारण औद्योगिक प्रतिष्ठानको बक्यौता बढ्दै गएको हो । हेटौंडा बितरण केन्द्रले चालु आवको हालसम्म पाँच हजारभन्दा बढी विद्युत् महसुल नतिर्ने नौ सय ७३ ग्राहकको लाइन काटेर कारबाही गरिएको केन्द्रले जानकारी दिएको छ । कारबाहीमा परेपछि छ सय १७ जनाले जरिवाना तिरेर निवेदन दिएकाले पुन लाइन जोडिएको र त्यसबाट दुई करोड ५३ लाख ९५ हजार रुपैयाँ महसुल संकलन भएको छ । सर्बसधारण ग्राहकको लाइन काट्ने तर, करोडौं रकम बक्यौता राख्ने औद्योगिक प्रतिष्ठानलाई छुट दिने कार्य मनासिब होइन । ग्रामीण विद्युतीकरणअन्तर्गत् हेटौंडा उपमहानगरपालिकालगायत बकैया, राक्सिराङ, मकवानपुरगढी, कैलाश, भीमफेदी, ईन्द्रसरोवर गाउँपालिकाको ग्रामीण तथा दुर्गम क्षेत्रमा विद्युतीकरण थालिएको वितरण केन्द्रले बताएको छ । महालेखाको प्रतिवेदन अनुसार डेडिकेटेड लाइनतर्फका ग्राहकमध्ये प्राधिकरणले आर्थिक वर्ष २०७२/७३ देखि २०७५/७६ सम्म ६ अर्ब ३४ करोड रुपैयाँको बीजक जारी नगरेको पाइएको छ । तीमध्ये यसवर्ष जम्मा ४ अर्ब १९ करोड रुपैयाँ बराबरको बीजक जारी गरेको छ भने अझै २ अर्ब १५ करोड रुपैयाँ बराबरको बीजक जारी गर्न बाँकी रहेको महालेखाको प्रतिवेदनमा औंल्याइएको छ ।

विद्युत ऐन २०४९ को दफा (११) बमोजिम जलविद्युतको व्यापारिक उत्पादन गर्ने उत्पादकले विद्युत रोयल्टी बुझाउने पर्ने व्यवस्था छ । प्रतिवेदन अनुसार विभिन्न ८२ वटा जलविद्युत आयोजनाबाट गत वर्षसम्म ४४ करोड ७४ लाख रुपैयाँ रोयल्टी उठ्न बाँकी छ । २०७६/७७ मा ९४ जलविद्युत कम्पनीबाट २ अर्ब ८८ करोड ५१ लाख समेत गरी कुल ३ अर्ब ३३ करोड ५१ लाख रुपैयाँ रोयल्टी उठ्न बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ । बाँकी रहेको रोयल्टीमध्ये २ अर्ब ८८ करोड ७६ लाख रुपैयाँ मात्र असुल भएको छ भने अझै ४५ करोड ५५ लाख ४४ हजार रुपैयाँ उठ्न बाँकी रहेको प्रतिवेदनमा औंल्याइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २९ गते बुधबार १२ अप्रिल २०२३ । सप्तमी, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:२६।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कामको उचित प्रतिफल पाइनेछ | तुला | : प्रेमप्रसंग सुमधुर आदर पाइनेछ |
| वृष | : धन आर्जन हुनेछ | वृश्चिक | : अधुरा योजना पूरा हुने देखिन्छ |
| मिथुन | : काम बन्नाले उत्साह जाग्नेछ | धनु | : भाग्योदयको समय रहनेछ |
| कर्कट | : दोहोरो लाभ मिल्नेछ | मकर | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| सिंह | : श्रमबाट प्रशस्त लाभ हुनेछ | कुम्भ | : काममा उत्साह बढ्नेछ |
| कन्या | : पारिवारिक समस्या आउनसक्छ | मीन | : प्रेमको बन्धन कसिनेछ |

# अराजकतावाद उन्मुख राजनीति



देवेश झा

नेपालको संविधान २०७२ लाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक भनिए पनि औपचारिक रुपमा 'समाजवाद उन्मुख' स्वीकार गरिएको छ । साम्यवादको विस्तार र पूर्णतः विपरीत ुवको पुँजीवादी व्यवस्थाबाट आर्थिक समस्या अझ जटिल बन्दै गएको अवस्थामा प्रतिपादित मध्यमार्गी स्वरूपको राज्य सञ्चालन गर्ने विधिलाई समाजवाद मानिएको देखिन्छ । एकातर्फ यसमा साम्यवाद जस्तै देशको सम्पूर्ण अर्थतन्त्रको स्वामित्व अर्थात् वस्तुको उत्पादन, नियन्त्रण र व्यवस्थापन आदि पूर्णतया सरकारमा निहित हुन्छ । जसलाई सामाजिक स्वामित्व पनि भनिन्छ जसअनुसार सामाजिक स्वामित्वका पनि विभिन्न प्रकार हुन्छन् । जस्तै साझा स्वामित्व, सहकारी संस्थान, प्रत्यक्ष सार्वजनिक स्वामित्व र राज्यद्वारा संचालित स्वतन्त्र संस्थान आदि देखिन्छ भने अर्कातिर पुँजीवाद जस्तै व्यक्तिगत स्वतन्त्रताको भ्रम पनि रहिरहने हुन्छ ।

समाजवादको विभिन्न मोडेल भए पनि तिनको निश्चित परिभाषा यिनै स्वामित्वका फर कफरक प्रकारबाट हुनसक्छ । हाल विश्वमा समाजवादी व्यवस्था भएका देश मुख्यतः चीन, क्युबा, लाओस, भियतनाम र उत्तर कोरियालाई भनिन्छ । यी राष्ट्रलाई कम्युनिष्ट राज्य पनि भनिन्छ । जहाँ कम्युनिस्ट पार्टीको एकदलीय शासन छ । उनीहरूले मार्क्सवाद-लेनिनवाद मान्छन् र आफूलाई समाजवादी घोषणा गरेका छन् । हुनत चीन अहिले पुँजीवादतर्फ उन्मुख हुन लागेको देखिन्छ । तर त्यहाँ पनि चिनियाँ कम्युनिष्ट पार्टीको एकदलीय शासन यथावत सञ्चालित छन् ।

नेपालको हकमा समाजवादबारे फरक फरक बुझाई र व्याख्या रहेको देखिन्छ । नेपाली कांग्रेस पार्टीको दस्तावेजले समाजवादी राज्य व्यवस्थालाई परिकल्पना गरेको छ भने प्रमुख वामपन्थी दलको घोषणापत्रमा पनि समाजवादलाई समेटिएको छ । मधेस केन्द्रित जसपा र लोसपा पार्टीले आफ्नो नाम नै समाजवादी भनेर राखेका छन् । सँगसँगै यहाँको समाजवादलाई लोकतान्त्रिक पनि भनिएको छ । जबकी व्यावहारिक रूपबाट यस प्रकारको कुनै शासकीय स्वरूप हुन सक्दैन । यसबारे अरु कुनै दिन चर्चा गरौं । देशको भावी मार्गचित्र अराजकतावाद उन्मुख हुँदै गएको तर्फ नै आज विषयलाई केन्द्रित गर्नु उपयुक्त हुनेछ । यसका लागि सबैभन्दा पहिला अराजकतावादको परिभाषालाई बुझ्नुपर्दछ ।

समाजको दृष्टिकोणमा अराजकतालाई अमर्यादित माने पनि राजनीतिक शास्त्र अनुसार यो एउटा औपचारिक विषय नै हो । राजनीति विज्ञानको यस विचारधारा अनुसार यसमा राज्यको उपस्थितिलाई अनावश्यक मानिन्छ । यस सिद्धान्त अनुसार कुनै पनि प्रकारको सरकार अवाञ्छनीय छ किनकी सामान्यतया यसमा मानिसलाई विवेकशील, इमान्दार र न्यायपूर्ण प्राणी स्वीकार्दै समाजलाई सही ढंगबाट व्यवस्थित गर्नसके कुनै पनि प्रकारको बल प्रयोगको आवश्यकता नपर्ने हुँदा यसप्रकारको प्रणाली अन्तर्गत राज्यको उपस्थिति स्वतः अप्रासंगिक हुनजानेतर्क गरिन्छ ।

हुनत समाजवाद र उदारवादको परिभाषामा ठूलो फरक देखिँदैन । उदारवादी विचार धारा अन्तर्गत पनि मानवलाई तर्कसंगत प्राणीको रूपमा स्वीकार्दै सामाजिक संस्थालाई मानवीय समझ र सामूहिक प्रयासको परिणाम मानिन्छ जसअनुसार व्यक्तिगत स्वतन्त्रतालाई समर्थन गर्नुपर्दछ भने सामाजिक संस्थाको निर्माण बौद्धिक व्यक्तिले गर्छन् । इतिहासमा यस राजनीतिक दर्शनलाई धेरै दार्शनिकले ठूलो महत्त्व र सम्मान दिएका छन् । अब यी विचारधारा देशको वर्तमान राजनीतिक परिदृश्यसँग कुन रुपमा जोडिँदै गएका छन् भन्ने बुझौं ।

संविधान निर्माण भइसकेर हामी दोस्रो पटक संसदीय निर्वाचन सम्पन्न गरिसकेका छौं । निर्वाचनको क्रममा राष्ट्रियस्तरबाट नेपाली कांग्रेस र एमाले पार्टीको नेतृत्वमा दुई वटा गठबन्धन थियो । तत्कालीन कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धन र एमालेको जसपासहितको औपचारिक तथा राप्रपा र रास्वपा सहितको अनौपचारिक गठबन्धन । तर निर्वाचन परिणाम घोषित हुनासाथ सबै गठबन्धन धरमराएर मनपरी गठबन्धन निर्माण प्रक्रिया प्रारम्भ भएको देखियो ।

निर्वाचनमा परस्पर प्रमुख प्रतिस्पर्धी रहेको माओवादीलाई एमालेबाट समर्थन दिएर प्रधानमन्त्री स्वीकारियो । यो अराजकतावादतर्फ पहिलो पाइला थियो । लगत्तै विश्वास मत दिने क्रममा प्रतिपक्ष बनेको कांग्रेसले प्रधानमन्त्रीलाई समर्थन जनायो र प्रतिपक्षबिहीन अवस्थासहित संसदीय इतिहासको सबभन्दा रोचक परिणाम देख्न पाइयो । अराजकतावादको यो दोस्रो पाइला थियो ।

देशका दुवै प्रमुख राजनीतिक दलले देखाएको अराजक व्यवहारको अभ्यासलाई निरन्तर जारी राख्दै नवआगन्तुक राष्ट्रिय स्वतन्त्र पार्टीले पनि देखासिकी गरे । पार्टी अध्यक्ष रवि लामिछानेलाई अदालतबाट अयोग्य ठहर गरेपछि पनि उनी सत्तामा बसिरहन भरमग्दुर प्रयासरत थिए । गृह मन्त्रालय नपाएको झोकमा गरिएको पत्रकार सम्मेलनमार्फत उनले व्यक्त गरेका विचार लाई मर्यादित मान्न सकिन्न । त्यो अराजक नै थियो । आफ्नो व्यक्तिगत जीवनबारे उनले दिएको प्रष्टिकरणलाई ताली बजाएर सामाजिक स्वीकृति दिइएको देखिन्छ अर्थात् वर्तमान समाजलाई पनि व्यक्तिगत स्वतन्त्रतालाई समर्थन गर्नुपर्ने उदारवादी सोच र पासपोर्ट प्रकरणमा दुरुपयोग नगरेको कारण देखाएर दिइएको उन्मुक्तिले राज्यको उपस्थिति स्वतः अप्रासंगिक हुन जाने अराजकतावादी तर्कलाई बल पुगेको छ ।

यसैगरी अहिले सम्पन्न हुन लागेको संसदीय उपनिर्वाचनमा पनि अराजकतावाद हाबी रहेको देखिन्छ । प्रख्यात अर्थशास्त्री स्वर्णिम वाग्ले अहिले तनहुँबाट रास्वपाको उम्मेदवार छन् । राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेशको क्रममा उनले पार्टी अध्यक्षलाई बिपी कोइराला नै देखे । जबकी कांग्रेसलाई त्याग्ने सिलसिलामा उनले चार जनालाई लेखे पत्रबाट पनि अवसर नपाएर मात्र त्यहाँबाट बहिर्गमन गरेको प्रमाणित हुन्छ । त्यहाँ मौका मिलेको भए सम्भवत उनले शेरबहादुर देउवालाई नै बीपी देख्ने थिए । प्रष्ट देखिन्छ कि रवि लामिछानेप्रति उठान भएको लहरलाई स्वर्णिमजीले सदुपयोग गर्न खोजेका छन् ।

यसैगरी मात्र तीन महिना पहिले एउटै गठबन्धन गरेर निर्वाचनमा भाग लिएको एमाले र जसपा अहिले बारा जिल्लामा प्रतिस्पर्धी छन् । तीन महिना पहिलेको गठबन्धन कायम र हननसक्नुको कुनै तथ्यपरक कारण दुवै पक्षबाट सार्वजनिक भएको छैन । मधेस केन्द्रित अर्को दल लोकतान्त्रिक समाजवादी पार्टीको भूमिका झन् अनौठो भएको छ ।

तीन महिना पहिलेको सप्तरी जिल्लाबाट उम्मेदवार बनेका जसपा अध्यक्ष उपेन्द्र यादवलाई पराजित गर्न नाभीको बल प्रयोग गरेको लोसपाले अहिले उनलाई जिताउन पार्टीको तर्फबाट बकायदा चुनावी कमाण्डर नै खटाएका छन् । हुनत यसभन्दा पूर्व भएको उपराष्ट्रपति निर्वाचनमा जनमत पार्टीका उम्मेदवारको प्रस्तावक र समर्थक बसेर पनि जसपा उम्मेदवारलाई सघाएको अराजक कार्य लोसपाले गरिसकेको थियो । समग्रमा हेर्दा देशको राजनीतिक परिदृश्य अराजकतावाद उन्मुख हुँदै गएको देखिन्छ । रवि लामिछानेले खुलेआम भन्न नसके पनि उनले अंगिकार गरेको र स्थापित गराउन खोजेको भावी परिदृश्य अराजकतावाद नै हो ।

समाजभित्रको युवा पुस्ता प्रायजसो वैयक्तिक स्वतन्त्रताका पक्षधर हुनेगर्दछ । तर त्यस्को मात्रा र पर्ने प्रभावलाई आकलन गर्न सक्नुपर्ने दायित्व नेतृत्वकर्ताको हुन्छ । के वास्तवमा रविले अराजकतावाद ल्याउन खोजेको छ । किनभने पत्रकार सम्मेलनमार्फत् आफ्नो व्यक्तिगत जीवनलाई प्रष्ट पार्दै उनले पारिवारिक सम्बन्धबारे गरेको व्याख्या समकालीन नेपाली समाजसँग मेल खाँदैन । यदि वर्तमान समाजलाई त्यहीअनुसारको स्वच्छन्द व्यवस्था चाहिन्छ भने हामी गम्भीर सामाजिक परिवर्तनको मार्गचित्रमा छौं जसको अन्तिम परिणाम 'अराजकतावाद' नै हुनेछ ।

रविकै पार्टीका समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठले मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड रुपैयाँ मागेको अडियो सार्वजनिक भएपछि यो पार्टीको वास्तविकता बुझ्न टाढा जानु नपर्ने देखिएको छ । रविले अडियो सार्वजनिक भए लगत्तै उनलाई पार्टी सदस्य र संसदको रुपमा काम गर्न रोक लगाइसकेका छन् । यो विषयको गहन अनुसन्धान हुनुपर्ने देखिन्छ । यो भनेको अराजकताकै अर्को उदाहरण हो ।

*(साभार: खबरहब)*

# उत्साहपछिको दिशाविहीन दशक

हरि शर्मा

२०८० साल एउटा अर्को वर्ष मात्र नभएर एउटा दशकको सुरुवात पनि हो । एक राजनीतिशास्त्रीको दृष्टिले म ७० को दशकको राजनीतिक परिवर्तनलाई महत्वपूर्ण ठान्छु । तर, महाभूकम्प, कोभिड महाव्याधि र विश्वमा आएका विभिन्न परिवर्तन पनि त्यत्तिकै महत्वपूर्ण छन् । लामो ऐतिहासिक संघर्ष, विभिन्न आरोह-अवरोह र द्वन्द्वपछि शान्ति प्रक्रियाको सन्दर्भमा २०७२ मा हामीले नयाँ संविधान प्राप्त गर्‍यौं । उक्त संविधान नेपालको विद्यमान सामाजिक सम्बन्धलाई परिभाषित र पुनःपरिभाषित गर्ने एउटा ठूलो जमर्को थियो । संविधानको अवस्थिति र त्यसलाई मानिसले कसरी ग्रहण गरिरहेका छन् भन्ने कुरा आफैंमा विवेचनाको विषय छँदैछ ।

हिंड्ने मानिसहरू त्यस बाटोमा नहिंडिदिएपछि संविधानलाई दोष दिने कुरा आफ्नो ठाउँमा छँदैछ । तर, पहाडले मधेशसँग, मधेशले पहाडसँग, हिमालले समथर भूमिसँग, स्त्रीले पुरुषसँग, एक जातले अर्को जातसँग, राजाले जनतासँग, जनताले राजासँग, देशले विदेशसँग सबै किसिमका सम्बन्धहरूलाई त्यसले परिभाषित वा पुनःपरिभाषित गर्ने प्रयास गरेको छ । नेपाली राजनीतिक शब्दकोशमा थपिएका गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समावेशिताको व्यावहारिक प्रयोगमा जे-जति प्रश्नहरू उठेका छन्, ती सबै २०७२ को संविधानको देन हो । यसरी हेर्दा हामी एउटा महत्वपूर्ण कालखण्डमा प्रवेश गरेका थियौं, तर आज अनुभव भइरहेको राजनीतिक नैराश्यलाई हेर्दा यसलाई उत्साह पछिको दिशाविहीन दशक भन्न सकिन्छ ।

**भूकम्पले सिकाउन नसकेको पाठ**

१९९० सालपछिको सबैभन्दा ठूलो भुइँचालो अहिलेको पुस्ताले अनुभव गरेको सबैभन्दा कहालीलाग्दो समय थियो । गोरखा केन्द्रविन्दु बनाएर आएको भूकम्पले देशभित्र मात्रै होइन, बाहिर बसोबास गर्ने नेपालीलाई समेत कविरको शब्दमा- जग, जीवन र जगत तीनवटै हिसाबले हल्लाएको थियो । जग भन्ने शब्दले हाम्रो आधार बुझिन्छ, भूमि नै हल्लिएपछि हेर्ने दृष्टिकोण हल्लिंदो रहेछ । तर, के गर्नु, हामी मसान वैराग्यले आक्रान्त छौं । घाटमा जाँदा आफूबाट छुट्टिएर गएकाहरूलाई श्रद्धाञ्जलि दिने अनि जीवन र जगत यस्तै हो भन्ने सोच्दछौं । गौशाला आइसकेपछि जीवन निरन्तर चल्दछ । नेपालको सार्वजनिक नीति र ऐतिहासिक अनुभवहरूका सन्दर्भमा हामीले गर्ने/गराउने कामलाई मसान वैराग्य भन्ने गरेको छु ।

कस्तो शहरी व्यवस्थापन गर्ने, कस्ता सामाजिक सम्बन्धहरू निर्माण गर्ने, इच्छा-आकांक्षालाई नयाँ संविधानमा कसरी समन्वय, सन्तुलन गर्ने, एकअर्कालाई हेर्ने दृष्टिकोण के हुने, भ्रातृत्वको पक्षमा कसरी उभ्याउनुपर्ने हो, भुइँचालोले ठूलो पाठ पढायो । भुइँचालो गएको ८ वर्ष बित्दानबित्दै काठमाडौंमा घरहरू जस्ताको तस्तै ठडिएका छन् । बाटाघाटा त्यस्तै छन् । भूकम्पको बेला जातभात नभनिकन एकअर्कालाई सहयोग गर्दै हामी खुला मैदानमा बस्यौं । एकअर्कालाई सहयोग गर्‍यौं, हिजोको त्यो माया गर्ने परिवेश बदलिएर पुनः एकअर्कामा लड्ने, भिड्ने लोभी-पापी भइसकेका छौं ।

जब जगत र जीवन हल्लिन्छ, मानव आफ्नो अस्तित्वका लागि एकठाउँमा जम्मा हुन्छ र एकअर्कालाई सहयोग गर्छ भन्ने भूकम्पले सिकाएको थियो । त्यो समय काठमाडौं न भूतो, न भविष्यति भएको थियो । फोहोर फैलिए महामारी आउँछ भन्ने डरले सबैले आफ्नो चोटा, कोठा, घर, बाटोघाटो सबै सफा गरेका थियौं । कालान्तरमा जब काठमाडौंमा नयाँ मेयर आए, यहाँ फोहोर डुङडुङ्ती गन्हाउन थाल्यो । हामी जसले भुइँचालोमा फोहोर व्यवस्थापन आफैं गरेका थियौं, ७-१०-१५ दिन, त्यो चलन कहाँ हराएर गयो ?

त्यस्तै सत्तरीको दशकमा हामीले एउटा ठूलो घटना व्यहोर्‍यौं । त्यो घटना विश्वमै महत्वपूर्ण थियो- कोभिड महामारी । यसमा पुनः हामी घरमा थुनिएर बस्यौं । तीन/चार महिनासम्म घरबाट बाहिर निस्किएनौं । 'खबरदार, घरबाट बाहिर निस्कियौ भने सार्वजनिक स्वास्थ्यमा खलल पुग्छ' भनेर सरकारले हामीलाई निर्देश गर्‍यो । डरले घरमै बस्यौं । हामी घरभित्र बसे पनि सरकार बसेन । सरकारले अध्यादेश र विभिन्न तौरतरिकाबाट हाम्रा अधिकारहरू कुण्ठित गर्दै शासन गर्‍यो । भुइँचालोमा एकअर्कालाई सहयोग गरेका हामी महामारीमा एकअर्कादेखि टाढा भयौं । आफ्ना प्रियजनहरूसँग आलिंगन गर्ने, उनीहरूको शवमा दागबत्ती दिने अथवा मलामी जानबाट हामी वञ्चित भयौं । एउटा संकटमा हामी नजिक बसेर एकअर्काको हात समातेका थियौं । अर्को संकटमा हामी आफ्नै मान्छेसँग बोल्न, हिंड्न र छुन डराएका थियौं । हामीलाई केले बाँध्दछ ? भूकम्प र महामारी दुवैमा हामीलाई डर थियो ।

डरको परिवेशमा हामीले हाम्रो जीवन र समाजलाई कसरी हेर्‍यौं भन्ने थाहा छ । समाजशास्त्रीय या दर्शनको दृष्टिकोणमा भूकम्प र महामारीको नेपाली समाजलाई तुलनात्मक अध्ययन गरे समाजलाई केले बाँध्दछ, केले समाजलाई जोड्दछ ? केले समाजमा एकअर्कादेखि विमुख गराउँदछ ? एउटा राम्रो विश्लेषणमा पुग्न सकिन्थ्यो होला । तर, के गर्नु, हामी मसान वैराग्यबाट आक्रान्त छौं । अनुभवहरूबाट सिक्दैनौं ।

०७० को दशकमा नयाँ संविधान, महाव्याधि र महाभूकम्प आयो । त्यसबाट नेपाली समाजले सामूहिक रूपमा के सिक्यो त ? यी घटनापछि नेपाली समाज थप बलियो र सहानुभूतिपूर्ण भयो, दर्शनमा फड्को मार्‍यो भन्ने मैले पाइरहेको छैन । म भोको छु, समाजले के सिक्यो भनेर हेरिरहेको छु । म के देखिरहेछु, नेपाली समाज यसै चलिरहेको छ ।

**जवाफदेही खोजीको दशक**

हाम्रो सार्वजनिक वृत्तको नेतृत्वसँग ताजुब लाग्छ । नेतृत्व भनेको तुलनात्मक हुन्छ । घरमा डाडुपन्यूँ समाउने नेता होला । स्कुलमा हेडमास्टर/हेडमिस, सञ्चारगृहमा प्रकाशक/सम्पादक, व्यवसायमा म्यानेजर होलान् । सबै नेतृत्व आ-आफ्नो ठाउँमा छ, तर महाव्याधि र भुइँचालोले कस्तो नेतृत्व विकास गर्‍यो त ? महाव्याधिमा अपराह्न साढे चार, पौने पाँच बजे स्वास्थ्य मन्त्रालयका प्रवक्ता कान/नाक कोट्याउँदै हाम्रो पर्दामा देखिन्थे । यति मान्छे मरे, उति मान्छे मरे भनेर उनी हामीलाई संख्यामा परिणत गरिरहेका थिए । म जीवनको मूल्य के हो भनेर प्रश्न गरिरहेको हुन्थें । उनी फगत एउटा कर्मचारी पात्र थिए । मलाई आश्वस्त पार्ने कुनै सामाजिक सम्झौता (सोसल कन्ट्रयाक्ट) थिएन । मैले मत दिएर पठाएको नेतृत्वले मसँग कुरा गरिरहेको थिएन । भुइँचालो होस् या महाव्याधि, राजनीतिक नेतृत्व पुच्छर लुकाएर बसेको देख्दा मलाई उनीहरू आफ्नो दायित्वबाट उम्के कि भन्ने लागिरह्यो ।

यस अर्थमा जवाफदेही ०७० को दशकको सबैभन्दा ठूलो प्रश्न हो । महाव्याधिका सुरुका तीन/चार महिना सम्झौं । चीनबाट औषधि र पीपीई आउँछ भन्ने सुनियो । पीपीई नयाँ शब्द थियो । भाइरस पुरानो शब्द भए पनि नयाँ किसिमले बुझ्यौं । तीन महिना हामी भ्रष्टाचार र ओम्नीमा अल्मलियौं । त्यसको जवाफदेही खोइ त ? भुइँचालो पछि सार्वजनिक वितरण प्रणालीमा सुधार आउँछ भन्ने आशा गरेका थियौं, त्यो खोइ त ? यसको जवाफदेही कसले लिने ? हामीले स्थापना गरेका जननिर्वाचित संस्थाको जवाफदेही कहाँ हो ? स्कुल, कलेजमा पठनपाठनका सन्दर्भमा पनि जवाफदेहीको ठूलो कमी अनुभव भएको छ । त्यसैले मैले ७० दशकलाई जवाफदेहीको खोजीको दशक भन्ने गरेको छु । हामीले कुरा धेरै गरेका छौं, तर पाउन सकेका छैनौं ।

यसबीचमा विश्वव्यापी अर्थतन्त्रको प्रभाव हाम्रोमा नपरेको होइन । संयुक्त परिवारहरू खण्डित हुँदै 'न्युक्लियर फ्यामिली' देखा परिरहेको छ । घरमा अघिल्लो पुस्ता छैन । गाउँबाट शहर र शहरबाट विदेश जाने प्रक्रियाले परिवारहरूलाई स-सानो बनाउन थाल्यो । महाव्याधिसँगै प्रविधिको प्रभाव बढेको छ । डिजिटल तकनिकीले कतिपय सहजता थपेको छ । घरै बसी-बसी तरकारी, किताब, खाना वा अरू सामानको उपलब्धता बढेको छ । यसलाई धान्न सक्ने अर्थतन्त्र हामीसँग छ, छैन ? प्रयोग गर्न सक्ने र नसक्ने बीच खाडल देखिएको छ । गाउँबाट शहर आउने र शहरबाट विदेश पलायन हुनेबाट पूँजी पलायन भएको पनि सुनिरहेकै छौं । एउटा सामान्य नागरिक पढ्न विदेश जाँदा वर्षको १५०० डलर लैजान पनि मुश्किल हुन्छ भने ठूला व्यापारीहरूले सजिलै धेरै धन लिएर बाहिर गएको सुन्न पाइन्छ । मलाई लाग्छ, अर्थतन्त्रमा देखिएको यी विषमताहरू ७० दशकको सबैभन्दा ठूलो चरित्र हो ।

**कमजोर सामाजिक आन्दोलन**

ठूलो परिवार सानो हुनु, शिक्षा र स्वास्थ्य महँगो हुनु, बेरोजगारी बढ्नु तर यति हुँदाहुँदै पनि हामीले कुनै किसिमको सामाजिक परिचालन देखिरहेका छैनौं । माइतीघरमण्डलमा साथीहरू जम्मा भइरहनुभएको छ । कहिले मिटर ब्याज पीडित त कहिले गुठीको, विभिन्न किसिमको आन्दोलन भइराखे पनि समग्र रूपमा सामाजिक आन्दोलनले नेपाली चेतनालाई घचघच्याउन सकिरहेको छैन । आन्दोलन मार्फत मुद्दाहरूको उठान जरूरी छ । समग्रमा सामाजिक चेतनालाई नै घचघच्याउने खालको नागरिक, सामाजिक र विचारको आन्दोलन भइरहेको छैन ।

कविरले भनेजस्तो कहिलेकाहीं उलटवाणीबाट पनि सोच्नुपर्ने हुन्छ । अन्यथा नलागोस्, यो विचारको कुरा हो । के साना-साना आन्दोलनले ठूलो आन्दोलनको संभावनालाई टारेको हो ? नेपाली समाजको फड्को अब सानो सानो आन्दोलनबाट सम्भव छैन कि ? किनभने संरचनात्मक रूपमा हामीले सिक्न सकेनौं । नसिक्ने समाजलाई सिक्न र फड्को मार्न कुनै न कुनै किसिमको 'शक थेरापी' जरूरी पर्छ ।

नेपाली समाजलाई अझ बढी चेतनशील बनाउन अलि उत्तेजक (प्रोभोकेटिभ) कुरा गरिरहेको छु । नेपाली समाज त चेतनशील नै छ भन्नुहोला । हरेक १०/१० वर्षमा आन्दोलन र परिवर्तन गरेर हामी यहाँसम्म पुगेकै हो । तर, जे कुराका लागि लडेका थियौं, सबै कुरा बिर्सिएर आत्मरतिमा बसेको देख्दा अझै ठूलो घचघचाहट, अझ कुम्भकर्णलाई जस्तो ठूलो ढोल बजाउनुपर्ने हो कि ? सामाजिक रूपमा हेर्‍यो भने परिवारहरू विखण्डन हुँदै गएका छन् । समाजमा सम्बन्ध बन्ने र बिग्रने त निरन्तर चलिरहन्छ, तर हामी बढी आत्मकेन्द्रित बन्दै गएका छौं । भूकम्पमा सामूहिकता भन्दाभन्दै पनि कता कता आफू बाँच्नका निम्ति अर्काको हात समात्न गएका थियौं जस्तो लाग्छ ।

महाव्याधिमा पनि हामीलाई आफू मात्रै बाँच्न पाए हुन्थ्यो जस्तो भयो । वर्षौंदेखि चिनेको साथीले मास्क लगाएन भने अलि परपर हुने । हुन त पूँजीवादी समाजमा आत्मकेन्द्रित र व्यक्तिवादी भएर आफ्नो निम्ति मात्रै सोच्नु राम्रै होला । तर, पनि आधारभूत रूपमा नेपाली समाज विस्तारै व्यक्तिकेन्द्रित हुँदै गएको हो कि ? अरूको बारेमा नसोचेको हो कि ? माइतीघरमण्डलमा मानिसहरू आन्दोलित हुँदा पनि हामीलाई नपोलेको त्यसैले हो कि ? बृहत्तर कुरामा हाम्रो दिमाग गइराखेको छैन । मैले पाएँ भने मलाई पुगिहाल्यो भन्ने देखिन्छ । राजनीतिमा पनि आत्मश्लाघाले भरिएका आत्मकेन्द्रित मानिसहरू स्वप्रशंसा गरिरहेको देख्छौं । त्यसले कता कता सामूहिक मूल्यहरू धरासायी बनेका हुन कि ? विवाह गर्न पाउने चयनको स्वतन्त्रता हो तर मैले ४ वटी बिहे गरें भने कसको के बिगारें ? भन्ने सार्वजनिक अभिव्यक्तिले हामीलाई कहाँ पुर्‍याउँछ, यो पनि एउटा सोचनीय विषय हो । सामाजिक मूल्य, मान्यता र मर्यादाहरूलाई विस्तारै डोर्‍याएर लैजानुपर्छ । अघिल्लो पंक्तिले भत्काउँदै र सँगसँगै बनाउँदै पनि जानुपर्छ । भत्किदै गयो र बनाउँछु मात्रै भन्ने रुढताले पनि हामीलाई कहीं पुर्‍याउँदैन ।

यस सन्दर्भमा ७० को दशक अनौठो थियो जसले हामीलाई बढी आत्मकेन्द्रित बनाएको छ । हाम्रो सामूहिकता क्षयीकरण भइरहेको छ । शिक्षामा एकअर्काको हात समातौं भन्ने थियो, तर एकअर्कालाई देख्दा डरलाग्ने समयमा फेरि प्रवेश गरेका छौं । लोकरिझ्याईं अथवा लोकरञ्जनालाई अंग्रेजीमा 'पपुलिज्म' भनिन्छ । दिनानुदिनको संवादहरूमा शब्दको प्रयोगलाई परिमार्जन गर्ने क्रममा त्यसले माने पकड्दै जान्छ र प्रचलित शब्द बन्छ । बाहिरबाट आए पनि पपुलिज्मलाई हाम्रो सन्दर्भमा कसरी बुझ्ने भन्ने चुनौती छ । कसरी अवधारणाहरू यात्रा गर्छन् र त्यसको स्थानीय रूपमा प्रयोग हुन्छ भन्ने सैद्धान्तिक विषयतिर नजाऔं । नरेन्द्र मोदी, भ्लादिमिर पुटिन, बोल्सनारो लगायतलाई हेर्दा पपुलिज्मबाट हामी मात्रै आक्रान्त रहेनछौं भन्ने देखिन्छ । हिजो मलाई आफ्नो कुरा सबैकोमा पुर्‍याउन मिडिया र पत्रकार चाहिन्थ्यो । अहिले यस्तो भएछ कि मैले केही बोल्दा मलाई पछ्याउने फलोअर एकैचोटि हजारौं पुग्ने भए । पहिले प्रेसमाथि आक्रमण हुँदा 'किलिङ द म्यासेन्जर' भनिन्थ्यो, अब म्यासेन्जर नै नचाहिने भयो । मैले भनेपछि गइहाल्यो । *(साभार: अनलाइनखबर)*

# ब्याजदर घटाउन चौतर्फी दबाव, सरकारको समेत जोडबल

काठमाडौं/ बैंकिङ कर्जाको ब्याजदर घटाउन सरकार नै अघि सरेको छ । यसका लागि नीतिगत रुपमा सरकारले गरेको व्यवस्थाका कारण परेका अप्ठेरा समेत फुकाइदिने सरकारी योजना छ । व्यवसायीले ब्याजदर बढी भएकाले लगानीको वातावरण बिग्रिएर आन्तरिक अर्थतनत्र मन्दीमा गएको बताएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नै खुला रुपमा ब्याजदर कम गर्ने उपायको खोजीमा लागेको बताउन थालेका छन् ।



निजी क्षेत्रसहित सरकार नै ब्याजदर घटाउन दवाब बढाउँदै लगेपछि बैंकर्स संघले बुधबार छलफल गर्ने भएको छ । यसअघि कार्यकारी समितिको बैंठक बसेर निर्णय गर्ने गरेकोमा यसपटक अवस्था फरक भएकोले सबै बैंकका प्रमुख कार्यकारी अधिकृतसँग छलफल गर्न लागिएको संघका एक कार्यकारी सदस्यले बताए । बुधबार बिहान हुने बैंकर्स संघको बैठकमा १ वैशाखबाट लागु हुने निक्षेपको ब्याजदर के गर्ने भन्ने विषयमा छलफल केन्द्रित हुने बैंकर्सको भनाइ छ ।

'बुधबार विहान बैंकर्स संघको पूर्ण बैंठक बस्दै छ । त्यसले ब्याजदरको निर्णय गर्छ,' एक बैंकर्सले भने, 'अधिकांश बैंकरले बजारलाई सकारात्मक सन्देश दिन भएपनि निक्षेपको ब्याजदर घटाउनुपर्ने बताइरहेका छन् । केही बैंकरले अन्य देशका केन्द्रिय बैंकका नीतिलाई देखाउँदै विपक्षमा छन् ।' बाह्य क्षेत्रमा सुधारसँगै बैंकिङ प्रणालीमा पनि तर लता सहज बन्दै गएको अवस्थामा ब्याजदर घटाउनै पर्ने अर्का एक बैंकर बताउँछन् । आन्तरिक अर्थतन्त्र शिथिल बन्दै गएकोले ब्याजदर घटाउनुको विकल्प नभएको अर्का एक बैंकले बताए ।

'अहिले पनि कोभिड अगाडिको कर्जाको औसत ब्याजदर भन्दा धेरै माथि गएको छैन । तर, ब्याजदर उच्च भयो भनेर बैंकलाई गाली गर्नु फेसन जस्तै बनेको छ,' उनले भने, 'यद्यपि आर्थिक गतिविधि कमजोर बन्दै जाँदा नगद प्रवाहमा समस्या भएर व्यवसायीले कर्जाको सावाँ र ब्याज तिर्न नसकेर कर्जाको डिफल्ट दर बढ्दै गएकोले पनि लगानीकर्ताको मनाबेल बढाउन ब्याजदर घटाउनुपर्ने अवस्था देखिन्छ ।'

आयातमा संकुचनसहित नयाँ परियोजना नहुँदा कर्जाको माग नै नभएको र यसले आर्थिक गतिविधि समेत कमजोर बनेको देखाएको उनले बताए । 'कर्जाको माग छैन । व्यवसायीको आम्दानी नहुँदा रिकभरीमा समस्या छ । व्यवसायीहरु निराश देखिन्छ,' ती बैंकरले भने, 'यस्तोमा व्यवसायीको मनोबल बढाउन जरुरी छ । अहिले बैंकहरुमा लगानीयोग्य स्रोतको समस्या छैन । बाह्य क्षेत्रमा पनि दबाव छैन भने निक्षेपको ब्याजदर केही घटाउँदा सबैलाई राम्रै हुन्छ ।' मुद्रास्फीति बाह्य कारणले बढेको भन्दै ब्याजदरले उक्त मुद्रास्फीति नियन्त्रण गर्न नसकिने ती बैंकरले बताए ।

अर्का एक बैंकर भने बैंक समस्याग्रस्त हुँदा समेत अमेरीकी केन्द्रिय बैंकले ब्याजदर बढाएको तथा भारतीय रिजर्भ बैंकले पनि एक पटकको लागि ब्याजदर स्थिर राख्नुले भन्दै बढाउन संकेत गरेको अर्थ्याउँछन् । यस्तोमा नेपालमा ब्याजदर घटाउन चुनौती हुने बताउँछन् । नेपाल बैंकर्स संघका अध्यक्ष सुनिल केसी भने चैत मसान्तमा 'स्प्रेड दर' नै घटाउनुपर्ने, माघदेखि चैतमा घटेको निक्षेपको ब्याजदरसँगै बेसरेट घट्दा वैशाखबाट यसै पनि कर्जाको ब्याजदर घट्ने अवस्था रहेको बताउँछन् ।

मौद्रिक क्षेत्रको सूचकहरु सकारात्मक नै देखिएकोले सुधार हुँदै गएको अवस्थामा ब्याजदर घट्दै जाने उनले बताए । हाल ४.४ प्रतिशत रहेको वाणिज्य बैंकको ब्याजदर अन्तर (बेस रेट) चैत मसान्तमा ४ प्रतिशत हुँदै असार मसान्तमा ४ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको छ । यसले पनि कर्जाको ब्याजदर घटाउने बैंकर्स संघका अध्यक्ष केसीले बताए । यस्तै पुसको तुलनामा चैतमा बैंकहरुको बेस रेट घट्ने भन्दै उक्त बेसरेटको आधारमा वैशाखबाट कर्जाको ब्याजदर घट्ने अर्को उपाय भएको उनले बताए ।

बैंकर्स संघले ब्याजदरको विषयमा छलफल गर्ने भएपनि घटाउने वा यथावत राख्ने निर्णय बैंठकले नै गर्ने उनले बताए । 'ब्याजदर घटाउने र बढाउने कुरामा सन्तुलित भएर अगाडि बढ्नुपर्छ,' उनले भने, 'अहिलेको अवस्थामा निक्षेपकर्तालाई पनि धेरै मर्का पर्नु हुँदैन । कर्जाको ब्याजदर कम भयो भने सबैलाई सहज हुन्छ भन्ने हो । यसमा सन्तुलन कायम गर्नुपर्छ ।'

पुससम्म १२.१३३ प्रतिशत रहेको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर माघबाट बैंकहरुले ११ प्रतिशत कायम गरेका छन् । माघबाट बचतमा ७.१३३ देखि ९.१३३ प्रतिशत रहेको ब्याजदर ६.४ देखि ८.४ प्रतिशतमा झारेका छन् ।

चैतमा बैंकहरुले बचतको ब्याजदर अधिकतम ८ प्रतिशत र न्युनतम ६ प्रतिशत कायम गर्दै मुद्दतीको ब्याजदर यथावत राखेका थिए । छोटो अवधिको मुद्धति निक्षेपको ब्याजदर कम गर्दै १ वर्ष भन्दा कम अवधिकोलाई कम्तिमा १ प्रतिशत बिन्दु कम गर्नुपर्नेबारे बैंकर्स संघमा छलफल भएपनि चैतमा त्यसमा सहमति नहुँदा रोकिएको थियो ।

१ वैशाखबाट नयाँ त्रैमास पनि सुरु हुने भएकोले निक्षेपको लागत घटाउने विभिन्न उपायमा छलफल हुने एक बैंकरले बताए । संस्थागत मुद्दती निक्षेपमा भने राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपको भन्दा २ प्रतिशत बिन्दुको ब्याजदर कम गर्नुपर्ने व्यवस्था गरेको छ । वैशाखमा मुद्दती निक्षेपको ब्याजदर १० देखि १०.५ प्रतिशत कायम हुनेसक्ने ती बैंकरको दाबी छ ।

**अर्थमन्त्री र प्रधानमन्त्रीको दबाव**

अर्थमन्त्री र प्रधानमन्त्रीले नै गभर्नरलाई राखेर कर्जाको ब्याजदर घटाउनुपर्ने र एकल अंकमा ल्यानुपर्ने बताएपछि बैंकर मात्रै नभएर राष्ट्र बैंक समेत ब्याजदर घटाउन मौद्रिक नीतिलाई खुकुलो बनाउनुपर्ने दबाव बढ्दै गएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै बैक तथा वित्तीय संस्थाका सञ्चालक समिति अध्यक्षहरु, गभर्नर, अर्थमन्त्री समेतलाई राखेर बैंकको ब्याजर घटाउनुपर्ने भन्दै त्यसको उपाय खोजी भइरहेको बताइसकेका छन् । उनले तरलताको समस्या सम्बोधन गर्न घर जग्गा कारोबारमा सहजीकरण गर्नुपर्ने र त्यसमा छिट्टै निष्कर्षमा पुग्ने बताएका छन् ।

'बैंक ब्याजदर सबैभन्दा चिन्ताको विषय हो । यसमा हामीले लगातार छलफल गरिरहेका छौं । त्यसमा विभिन्न उपायहरु आयरहेका छन् । ती उपायहरुलाई अबलम्बन गरेर एकल अंकमा झार्नेमा मेरो कोसिश हुन्छ,' प्रधानमन्त्री प्रचण्डले सोमबार पोखरामा पुगेर उद्योगी व्यवसायीसँगको छलफलमा भनेका छन्,'तरलताको समस्या भनेको जग्गामा गएर पैसा फसेको छ, कित्ताकाट रोकिएको छ, बेचबिखन रोकिएको छ, पूँजीको अभाव हुनुको एउटा कारण त्यो हो भन्ने कुराले अहिलेलाई जग्गाको वर्गीकरणवाला कुरोलाई थाती राखेर भए पनि पुरानै स्थितिमा लैजाने गरी कित्ताकाट र जग्गा बेचबिखनलाई सैद्धान्तिक सहमति क्याबिनेटबाट दिने, त्यसो गऱ्यो भने अहिलेको क्राइसिस म्यानेज गर्छ भनेर हुन सक्ने जति कोसिश गरेका छौं ।'

अर्थमन्त्री प्रकाशशरण महतले समेत ब्याजदर घटाउन दबाव दिइरहेका छन् । अर्थमन्त्रीमा नियुक्त भएपछि बैंकर्स, निजी क्षेत्र र राष्ट्र बैंकसँग पालैपालो छलफल गरेका उनले निजी क्षेत्रको मनोबल बढाउनुपर्ने र त्यसको लागि ब्याजदर घटाउनुपर्ने बताउँदै आएका छन् । त्यसका लागि सहजीकरण गर्न उनले राष्ट्र बैकसँग छलफल नै भइसकेको बताएका छन् ।

'निजी क्षेत्रमा निराशा छ । सकारात्मक वातावरण सिर्जना गर्न लागिरहेका छौं । निजी क्षेत्रको ब्याजदर बढी भयो भन्ने गुनासो छ । ब्याजदर घटाउन राष्ट्र बैंकसँग छलफलमा छौं,' गत शुक्रबार आर्थिक पत्रकारहरुसँगको भेटमा अर्थमन्त्री डा. प्रकाशशरण महतले भनेका थिए ।

अर्थमन्त्री र प्रधानमन्त्रीले निजी क्षेत्रलाई विश्वासमा लिनको लागि ब्याजदर घटाउन खुकुलो नीति ल्याउन पहल गरेपछि राष्ट्र बैक पनि दबावमा परेको छ । आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट बैंकदरलाई ५ प्रतिशतबाट बढाएर एकैपटक ७ प्रतिशत पुऱ्याएको केन्द्रिय बैंकले साउन पहिलो साता सार्वजनिक चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत त्यसलाई ८.५ प्रतिशत पुऱ्याएको थियो । बाह्य क्षेत्रमा परेको दबावले वृद्धि गरिएका मौद्रिक दरहरु बाह्य क्षेत्र सहज हुँदा पनि यथावत छन् । मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट 'ओभरनाइट' तरलता सुविधाको दर ८.५ प्रतिशतबाट ७ प्रतिशतमा झारिएपनि बैंकदर यथावत रहेको छ । बैंकहरुले निक्षेपको ब्याजदर केही घटाउन सक्ने भएपनि केन्द्रिय बैंकले नीतिगत दरहरु घटाएर सन्देश दिनुपर्ने बैंकरहरु बताउँछन् । निजी क्षेत्रले त कर्जाको ब्याजदर एकल अंकमा आउनुपर्ने माग गर्दै सडकबाट नै विरोध जनाइरहेको छ ।

प्रधानमन्त्री र अर्थमन्त्रीले निजी क्षेत्रलाई समेतसँगै राखेर पटक-पटक ब्याजदर घटाउन दबाब बढाउँदै लेपछि नेपाल राष्ट्र बैंकले पनि कसरी अगाडि बढ्न भनेर आन्तरिक छलफल गरिरहेको छ । सबैतिरबाट परेको दबावअनुसार राष्ट्र बैंकले घटाउने गरी निर्णय गर्छ कि कुनै तर्कसंगत नीतिमार्फत ब्याजदरलाई अझै नियन्त्रणमा राख्न खोज्छ भन्ने स्पष्ट छैन ।

*(स्रोत: अनलाइनखबर)*

# वर्ष २०७९ मा युट्युबमा धेरै हेरिएका १० गीत, शीर्ष स्थानमा 'लजालु मायालु'

काठमाडौं/उर्गेन दोङ र अनु चौधरीको स्वरमा रहेको 'लजालु मायालु' वर्ष २०७९ मा युट्युबमा सबैभन्दा धेरै हेरिने गीत बनेको छ । ६ महिनाअघि रिलिज भएको उर्गेन र वीरेन्द्र दोङले संगीत गरेको यो गीतलाई चार करोडभन्दा बढी पटक हेरिएको छ । गीत टिकटक लगायतका प्लेटफर्ममा समेत भाइरल बन्यो ।



वर्षमा धेरै सुनिने गीतको दोस्रो स्थानमा सज्जनराज वैद्यको गीत 'धैर्य' छ । यो गीतलाई दुई करोड १८ लाख भन्दा बढी पटक हेरिएको छ । २०७९ सालको वैशाख १ गतेदेखि चैत मसान्तसम्म रिलिज भएका गीतको युट्युब भ्युजको आधारमा तयार पारिएको सूचीको उत्कृष्ट १० भित्र मिश्रित जनराका गीत अटाएका छन् ।

सूचीमा गीत, गायक-गायिका र भ्युज उल्लेख गरिएको छ ।

१. लजालु मायालु (उर्गेन दोङ र अनु चौधरी) : ४ करोड
२. छमक छमक (सन्तोष सुनार) : ३ करोड २ लाख
३. धैर्य (सज्जनराज वैद्य) : २ करोड १८ लाख
५. कालो चश्मा (डोल्मा ह्योल्मो) : २ करोड ६ लाख
६. सोल्टी बजार (शान्तिश्री परियार) : २ करोड
७. ए हो र माया (हिमाल सागर र अनु चौधरी) : १ करोड ९९ लाख
८. हाम्रो यो माया (उर्गेन दोङ) : १ करोड ८० लाख
९. दर्शन सलाम (छक्कापञ्जा ४- डेभिड शंकर र साहिमा श्रेष्ठ) : १ करोड ७२ लाख
१०. मेरी चम्पा (टंक तिमिल्सिना) : १ करोड ६० लाख

यीबाहेक यस वर्ष केही यस्ता गीत निकै चर्चित भए, जसले दर्शकमाझ चर्चा बटुले । तिलकसिंह पेलाको संगीत तथा स्वर रहेको गजल 'के लत बस्यो'ले यस वर्ष सर्वाधिक चर्चा बटुल्यो । यो गजलले भाइरल हुने होडबीच संगीतको बेग्लै आनन्द, मिठास र गायकी प्रस्तुत गरेको थियो । यो गजल गीतले पेला स्वयंलाई र ातारात स्टार बनाइदियो । सोमबार सम्म 'के लत बस्यो'लाई ६४ लाख पटक हेरिएको छ ।

७४ लाख भ्युज बटुलेको फिल्म झिंगेदाउको गीत 'आगो बिना बिंडी जल्दैन' पनि यस वर्ष भाइरल हुने गीतमध्ये पर्छ जसलाई ७४ लाख पटक हेरिएको छ । हरिवंश आचार्यको स्वरमा रहेको गीत 'काउली' पनि अहिले रुचाइएको मध्येको एक गीत हो । युट्युबबाहेक अर्को सांगीतिक प्लेटफर्म स्पटीफाइ पछिल्लो समय संगीतप्रेमी माझ निकै चर्चित छ । यो प्लेटफर्ममा पनि सज्जनराज वैद्य सबैभन्दा धेरै सुनिने गायकमध्ये पर्छन् ।

यसैगरी छुनुमुनु (आशिष अविरल), केशरी (कबड्डी ४-एसडी योगी), जरुरी कुरा छ (सम्हालिन्छ कहिले मन- अञ्जु पन्त र सुरेश लामा), फूलैफूल दिन्छौ कि रिमेक (शिव परियार), फाटेको मन (पशुपति शर्मा), बाबरी रंग (बाबरी- अस्मिता अधिकारी र अनमोल गुरुङ), मन भुल्छ (प्रकाश दूतराज) लगायत गीतमा पनि उल्लेख्य भ्युज रहे पनि उत्कृष्ट १० भित्र अटाउन सकेनन् ।

# उच्च अदालत पाटनद्वारा 'प्रसाद २' रिलिजका लागि बाटो खुल्ला

काठमाडौं/निर्माताबीचको आर्थिक लेनदेनका कारण उच्च अदालत पाटनले फिल्म 'प्रसाद २'को रिलिज रोक्न अल्पकालीन अन्तरिम आदेश दिएको हप्ता दिन पनि नपुग्दै सोही अदालतले फिल्म प्रदर्शनका लागि बाटो खुल्ला गरेको छ । आइतबार भएको न्यायाधीशद्वय राजेन्द्र खरेल र विमल सुवेदीको इजलासले यसअघि भएको अल्पकालीन आदेशलाई निरन्तरता दिन नपर्ने आदेश सुनाएको हो ।

फिल्मको निर्माण गर्ने इजाजत निवेदक (केशव पाण्डे)ले प्राप्त गरेको नभइ सुलभ थापा प्रोडक्सनले समेत प्राप्त गरेको देखिएको, निवेदक र सुलभ थापा प्रोडक्सनबीचको करार सम्बन्धमा छुट्टै कानुनी उपचारको मार्ग अपनाउन सक्ने देखिएको भन्दै अदालतले फिल्मको रिलिज रोक्न परेको निवेदनमा अन्तरिम आदेश नदिएको हो । अब फिल्म प्रदर्शन गर्नका लागि बाटो खुल्ला भएको छ ।

चैत २१ गते उच्च अदालत पाटनले केशव पाण्डेको रिट निवेदनलाई आधार मानेर फिल्मको प्रदर्शन रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । जसले गर्दा फिल्म चैत २४ गते प्रदर्शनमा आउन सकेन । सम्भवत: अब फिल्म आगामी बैशाखको दोस्रो वा तेस्रो साता प्रदर्शन हुन सक्नेछ । फिल्म निर्धारित मितिमा प्रदर्शन नहुँदा निर्मातालाई ठूलो आर्थिक नोक्सानी भएको छ ।

आफ्नो ९० प्रतिशत स्वामित्व रहेको फिल्म विना अनुमति १० प्रतिशत स्वामित्व रहेको व्यक्ति (सुभाष थापा)ले रिलिज गर्न लागेको भन्दै केशव पाण्डेले उच्च अदालत पाटनमा रिट निवेदन हालेका थिए । 'प्रसाद २'को निर्माता बनाउँछु भनेर सुभाष थापाले ६२ लाख ५० हजार आफूबाट लिएको तर पछि अर्कै निर्मातासँग फिल्म बनाए पनि आफ्नो पैसा फिर्ता नगरेको पाण्डेको आरोप छ ।

# वर्गीकरण नसक्दै जग्गाको कित्ताकाट खोल्ने तयारी

काठमाडौं /सोमबार पोखराका पर्यटन व्यवसायीसँगको भेटमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मुलुकमा आर्थिक संकट देखिनुमा घरजग्गामा पैसा फस्नु प्रमुख कारण रहेको सुनाए । उनले घर जग्गामा पैसा फसेको र जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट खोल्नुपर्ने नयाँ भूउपयोग नियमावलीको व्यवस्था बाधक भएको निश्कर्ष निकाले ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा भएको भेटमा उनले भनेका छन्, ''जग्गामा गएर पैसा फसेको छ, कित्ताकाट रोकिएको छ, 'पूँजीको अभाव हुनुको एउटा कारण त्यो हो भन्ने कुराले अहिलेलाई जग्गाको वर्गीकरणवाला कुरोलाई थाती राखेर भए पनि पुरानै स्थितिमा लैजाने र कित्ताकाट र जग्गा बेचबिखनलाई सैद्धान्तिक सहमति क्याबिनेटबाट दिने ।' यो व्यवस्था गर्न सकेमा अर्थतन्त्रको आन्त्रिक 'क्राइसिस म्यानेज' हुने भन्दै प्रधानमन्त्रीले जग्गाको कित्ताकाट खोलिने स्पष्ट संकेत दिए ।

प्रधानमन्त्रीको भनाइबाट पुष्टि हुन्छ सरकार लागू गरेको १० महिनामै 'भू-उपयोग नियमावली'को केही प्रावधान संशोधनको तयारीमा लागेको छ । सरकारले गत २३ जेठमा भू उपयोग नियमावली २०७९ जारी गरेको थियो । नियमावलीमा भएको व्यवस्था अनुसार, स्थानीय तहले जग्गालाई ९ प्रकारले वर्गीकरण गर्नुपर्छ । नियमावलीले जग्गालाई तोकिएको भन्दा कम क्षेत्रफलमा कित्ताकाट गर्न नपाइने गरी बन्देज पनि लगाएको छ ।

नियमावलीमा कृषि, आवासीय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार क्षेत्र भनी वर्गीकरण गर्न सकिने उल्लेख छ । त्यसैगरी सार्वजनिक उपयोग, साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र र सर कारले तोकेको अन्य क्षेत्रमा समेत वर्गीकरण गर्न सकिने नियमावलीमा उल्लेख छ ।

सरकारले यही नियमावली अनुसार कम्तिमा स्थानीय तहले कृषि र गैरकृषि क्षेत्र छुट्याएपछि मात्रै जग्गाको कित्ताकाट हुने गरी व्यवस्था गरेको छ । धेरै स्थानीय तह प्राविधिक विषय भएकाले यसमा विज्ञताको अभावमा अल्मलिएका छन् । नेपाल जग्गा तथा आवास विकास संघका अनुसार करिब १६० हाराहारी स्थानीय तहहरुले मात्रै जग्गाको वर्गीकरण सकेका छन् । ६०० भन्दा बढी स्थानीय तहले जग्गा वर्गीकरण नगर्दा कित्ताकाटमा बन्देजको असर व्यवसायमा परेको व्यवसायी बताउँछन् ।


'त्यही बन्देजका कारण जनताले दु:ख पाए र घरजग्गामा लगानी फस्यो भनेर गुनासो बढेको थियो' भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका एक सहसचिवले भने, 'नियमावलीमा भएका कतिपय व्यवस्था परिवर्तनका लागि अहिले कानून मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा संशोधन मस्यौदा पठाइएको छ ।'

ती सहसचिवका अनुसार, जनताको व्यवहारिक कारण र कठिनाइ देखाएर कित्ताकाट खुला गर्ने तयारी भएको हो । कतिपय ठाउँमा १० आना जग्गा ३ अंशियारलाई अंशवण्डा गर्नुपरेको, अधिग्रहण गर्दा बाँकी रहेको जग्गा व्यवस्थापन हुन नसकेको, अदालतको आदेशपछि समेत कतिपय जग्गा कित्ताकाट हुन नसकेको भन्दै 'सहजीकरण गर्ने' निर्णय भएको हो ।

भूमि अधिकारकर्मी जगत देउजा सरकारको यस्तो निर्णयबाट कृषियोग्य जमिनको संरक्षण नहुने बताउछन् । 'कि त पहिले नै जग्गाको वर्गीकरण नगरेको भए हुने थियो, वर्गीकरण थालेपछि सबै स्थानीय तहलाई काम पुरा गर्न दिनुपर्छ' उनी भन्छन्, 'एउटा निर्णय गर्ने, फेरि त्यसलाई खोल्दै जाने हो भने त अनर्थ हुन्छ । बीचमै यसरी नियमावली संशोधन गरेर कित्ताकाट खुकुलो बनाउनु उचित होइन ।'

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राइ क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

मेरिना ड्राई क्लिनिङ स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर (निर्माण व्यवसायी संघको अगाडि)

सम्पर्क नं.: ९८४५१२६११२

पसल बिक्रीमा

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८०१३३२१२२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाई, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# प्रहरीमा गरेको सहमति पालना नभएपछि जगतबहादुर फेरि धर्नामा

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/२५ वर्ष अगाडि दृष्टिबन्धक राखेको जग्गा झुक्याएर राजीनामा पास गराएको भन्दै पीडित जगतबहादुर सुनारले फेरि पीडकको घर अगाडि धर्ना सुरु गरेका छन् ।

हेटौंडाका एक प्रतिष्ठित व्यवसायीविरुद्ध एक सय ३५ दिनदेखि धर्ना बसेका सुनारले गत २१ चैतसम्मलाई आन्दोलन रोकेका थिए । पीडित सुनारले २३ चैतबाट फेरि धर्ना सुरु गरेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पीडित सुनार र पीडक भनिने व्यवसायी नियमराज शाक्यबीच २१ गतेसम्म विवाद निरुपण गरिसक्ने लिखित सहमति भएको थियो । शाक्य आफूले नै गरेको सहमतिबाट भागेपछि पुन: धर्ना सुरु गरेको पीडित सुनारले बताएका छन् । २१ गते जग्गाको सम्बन्धमा अन्तिम निर्णय दिने भन्दै शाक्यले लिखित सहमति गरेपछि सुनारले धर्ना रोकेका थिए ।

तर, २१ गते दिनभर पीडित सुनार प्रहरी कार्यालयमै कुरि रहेपनि शाक्य भने आएनन् । 'म २१ गते दिनभर प्रहरी कार्यालयमा बसेको थिएँ । नियमराज शाक्य आएनन् । फेरि २३ गते पनि प्रहरी कार्यालय गएको थिएँ । अब शाक्य सहमतिबाट भाग्यो भनेपछि म धर्ना बस्न बाध्य भएको छु', सुनारले भने । उनकाअनुसार जग्गा विवादको विषयमा २१ गते अन्तिम निर्णय लिएर मिलापत्र गर्ने भन्दै शाक्य र सुनारबीच लिखित सहमति भएको थियो । प्रहरी कार्यालयबाट फुत्किन सहमति गरेको र त्याहाँबाट निस्किएपछि शाक्य सहमति कार्यान्वयनबाट भागेको पीडित सुनारको पक्षमा साथ दिने अभियन्ताहरु बताउँछन् ।




पीडित सुनारले जग्गा फिर्ता हुनुपर्ने माग राख्दै आएका छन् भने ८ महिना अघि जिल्ला अदालतमा शाक्यविरुद्ध जालसाझीको मुद्दा दायर समेत गरेका थिए । 'चैत २१ गतेसम्म एउटा निर्णय दिने भनेर सहमति गरेपछि मैले पनि प्रहरीको आग्रहमा धर्ना रोकेको थिएँ । सहमति पालना नगरेकाले फेरि धर्ना सुरु गरेको छु । अब धर्ना झन कडारुपमा अगाडि बढाउँछौं ', सुनारले भने । प्रहरीमा करिब ४ महिना अघि सुनार र शाक्यबीच मौखिम सहमति नै भएको थियो । त्यतिबेला शाक्यले सुनारलाई जग्गा फिर्ता गरिदिने मौखिक सहमति गरेर प्रहरी कार्यालयबाट हिँडेकोमा उनले आफ्नै निर्णय कार्यान्वयन गरेका थिएनन् ।

प्रहरी कार्यालयमा गरेको मौखिम सहमति पालना नगरेपछि पीडित सुनार बुद्धचोकमा ब्यानर बोकेर साढे ४ महिनादेखि अनवरत् धर्नामा थिए । सुरुवातमा एक्लै धर्ना सुरु गरेका सुनारको पक्षमा यतिबेला राजनीतिक दलदेखि नागरिक समाज पनि ऐक्यबद्धता गर्न आइपुगेका छन् । सुनारको धर्नामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), मोहन वैध नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी), नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, नेकपा माले, नेकपा (एकीकृतसमाजवादी) लगायतका राजनीतिक दलले ऐक्यबद्धता जनाएका छन् । सुनार आफू र आफ्नो बाबु पदमलाल सुनारलाई जालझेल गरेर जग्गा राजीनामापत्रमा हस्ताक्षर गराएको भन्दै बुद्धचोक नजिक उत्तर तर्फ शाक्यको घर अगाडि नै धर्ना बसिरहेका हुन् ।

उनलाई शाक्यले धेरैपटक धरपकड गरेका थिए । पीडित सुनारले २०५४ साल १ वैशाखमा व्यवसायी शाक्यको बाबुले ५० हजार रुपैयाँ ऋणको बदलामा ११ कठ्ठा १६ धुर जग्गा राजीनामा गराएको भन्दै जग्गा फिर्ताको माग गरिरहेका हुन् । हेटौंडा उपमहानगरपालिका-१३, पवित्र टोलमा रहेको ११ कठ्ठा १६ धुर जग्गा शाक्य परिवारले हडपेको सुनारको आरोप छ । आफ्नो बाबुको नाममा रहेको जग्गा राखेर व्यवसायी शाक्यबाट ५० हजार रुपैंयाँ ऋण लिएका थिए । दृष्टिबन्धक रोक्का राख्ने भनिएको अवस्थामा जग्गा राजीनामा लिखत गरी जग्गा खाइदिएको सुनारको आरोप छ । उनले जग्गा दृष्टिबन्धक गराउँदा राजीनामा लिखितमा झुक्याएर हस्ताक्षर गराएको भनाई छ । पीडक शाक्य पक्षले भने जग्गा खरिद गरेर लिएको दाबी गरिरहेका छन् ।

तर, त्यतिबेला जग्गा राजीनामापत्र लेख्ने लेखापढी व्यवसायी नै सुनारको पक्षमा छन् । जग्गा खरिद नभई ऋण लिएको खुल्ने प्रमाण सुनारसँग रहेको छ । जसकारण शाक्यले जग्गा खरिद गरेको दाबी नपुग्ने पीडित पक्षको भनाई छ । सुनारले जग्गा फिर्ता दिलाइदिन जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र स्थानीय सरकारसमक्ष माग गर्दै आएका थिए । उनका बाबु पदमलाल सुनारको २०६३ सालमा मृत्यु भइसकेको छ । पीडक भनिएका शाक्यको बुवाले जग्गा राजीनामा गरेर लिएको र उनको पनि मृत्यु भइसकेको छ ।

# पब्लिक क्याम्पस कोषाध्यक्षमा पालुङका मिश्र




साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/सामुदायिक क्याम्पसहरुको छाता संस्था नेपाल पब्लिक क्याम्पस संघको कोषाध्यक्षमा पालुङ बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख राजन मिश्र सर्वसम्मत चयन भएका छन् ।

नेपाल पब्लिक क्याम्पस संघको काठमाडौंमा भएको १२ औं राष्ट्रिय अधिवेशनबाट क्याम्पसप्रमुख मिश्र कोषाध्यक्षमा सर्वसम्मत भएका हुन् । महाधिवेशनले शिक्षा क्याम्पस प्रमुख शत्रुध्नप्रसाद गुप्ता अध्यक्षमा निर्वाचित भए भने उपाध्यक्षमा प्रदीपकुमार कटुवाल, लोकराज भण्डारी, धर्मदेव भट्ट, महासचिवमा गोविन्द बहादुर कार्की, उपमहासचिवमा नेत्रबहादुर न्यौपाने, टंक पौडेललगायत निर्वाचित भएका छन् ।

यसैगरी कोशी प्रदेश संयोजकमा टीकाराम गुरुङ, मधेस प्रदेश संयोजकमा किशोरकुमार साह, बागमती प्रदेश संयोजकमा शैलेन्द्र कुइँकेल, गण्डकी प्रदेश संयोजक ऋषिराम बुढाथोकी, लुम्बिनी प्रदेश संयोजकमा कृष्ण खनाल, कर्णाली प्रदेश संयोजकमा तेजबहादुर मल्ल र सुदुरपश्चिम प्रदेश संयोजकमा इन्द्रबहादुर सोडारी निर्वाचित भएका छन् ।

केन्द्रीय सदस्यहरुमा अम्बिका रुपाखेती, गणेशमान गिरी, राजन श्रेष्ठ, गणेशकुमार चौधरी, खिमराज घिमिरे, केशवप्रसाद तिमिल्सिनालगायत छन् । देशभर ५ सय ३४ वटा सामुदायिक क्याम्पस छन् ।

# वडाध्यक्ष सिग्देल नेतृत्वको टोली घरदैलोमा

साझाकुरा संवाददाता

हेटौंडा, २७ चैत/हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलसहितको टोलीले शैक्षिक संस्था क्षेत्र १ सय मिटर वरिपरी मद्यपान र धुम्रपान बिक्री वितरण नगर्न अनुरोध गर्दै घरदैलोमा निस्किएको छ ।

कानुनत: शैक्षिक संस्थाहरुको वरपर १ सय मिटरभित्र मद्यपान र धुम्रपान बिक्री वितरण गर्न निषेध छ । तर, ४ नम्बर वडाका अधिकांश शैक्षिक संस्था नजिक यस प्रकारका क्रियाकलाप भएको गुनासोपछि वडाअध्यक्ष सिग्देल नेतृत्वको टोली अनुगमनसहित अनुरोध गर्न घरदैलोमा हिँडेको हो । श्रमिक मावि, ब्रम्हदिक एकेडेमी, नवदोय मावि, हेटौंडा क्याम्पस, आधुनिक मावि, स्कुल अफ म्यानेजमेन्ट, भुटनदेवी माविको क्षेत्रमा सोमबार सचेतनास्वरुप घरदैलो गरिएको वडाध्यक्ष सिग्देलले जानकारी दिए ।

घरदैलोको क्रममा बालश्रम, लैंगिकहिंसा, लागूऔषधविरुद्ध स्टिकर समेत विभिन्न स्थानमा टाँसिएको थियो । विद्यालय क्षेत्र वरिपरि मध्यपान र धुम्रपानमुक्त बनाउनु, विद्यालयलाई शान्ति क्षेत्र बनाउनु र लागूऔषध, लैंगिकहिंसा, बालश्रमविरुद्ध अभियान रहेको वडाअध्यक्ष सिग्देलले बताए । कार्यक्रममा जनप्रतिनिधिहरु, टोल विकासका प्रतिनिधिहरु, महिला तथा बालबालिका सरोकार केन्द्र, सामाजिक अभियान सञ्जाल हेटौंडा-४, नेपाल प्रहरी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधिहरु, शिक्षक, विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा वडासदस्य जगन्नाथ पाण्डे, सामाजिक अभियान सञ्जाल, हेटौंडा-४ की अध्यक्ष माया लामा, टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष राजेन्द्रकुमार बस्ताकोटी, शैक्षिक गुणस्तर सुधार समिति, हेटौंडा-४ का संयोजक श्रीराम दाहाल, श्रमिक मावि व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्की, हेटौंडा क्याम्पसका प्रमुख देवचन्द्र मानन्धर, सहायकप्रमुख अर्पण पराजुली, महिला तथा बालबालिका सरोकार केन्द्र, मकवानपुरकी अध्यक्ष सरु सिलवाल लगायतको सहभागिता रहेको वडासचिव टीका कंडेलले बताए ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५२३०५६३, ९८१५२२४३४३

# हेटौंडाबाट पेस्तोलसहित एकजना पक्राउ

हेटौंडा, २७ चैत/जिल्ला प्रहरी कार्यालय मकवानपुरले अमेरिकन पेस्तोलसहित हेटौंडाबाट एक जनालाई पक्राउ गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-१२ पदमपोखरी बस्ने ४४ वर्षीय सुमन भन्ने सुरेश घलानलाई पेस्तोलसहित पक्राउ गरिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । नेवार पानीतर्फबाट हेटौंडा बजार आउँदै गरेका घलानलाई पूर्वपश्चिम राजमार्ग अन्तर्गत् हेटौंडा-३ सरस्वती पेट्रोल पम्प अगाडिबाट पक्राउ गरिएको मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले जानकारी दिए । शंका लागेपछि घलानको शरीर खानतलासी गर्दा 'मेड इन यूएसए' म्यागजिन सहितको पेस्तोल फेला परेको इन्स्पेक्टर घिमिरेले जानकारी दिए । घलानलाई जिल्ला प्रहरी कार्यालयमा राखेर आवश्यक अनुसन्धान एवम् कारबाही प्रक्रिया अघि बढाइएको छ ।

आगलागीबाट सावधानी अपनाऔं ।

निम्न कारणबाट आगलागी हुनसक्छ,

- आगोको प्रयोगमा होसियारी नअपनाउँदा ।
- प्रज्वलनशील वस्तुको उचित प्रयोग नगर्दा,
- हुरी बतास चल्दा,
- प्रयोगपछि आगोको उचित व्यवस्थापनमा लापरबाही गर्दा,
- चट्याङ पर्दा तथा बिजुलीका तार सर्ट हुँदा ।
- त्यसैले, सचेत रहौं, आगलागीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Education is the real treasure

ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9



www.admission.hetaudaacademy.edu.np
APPLY NOW

Scholarship Test 4 Baisakh 2079 11:00AM

Scholarships
a feature of socially responsible institution....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
057-525548 057-525547 057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ANDROID APP ON Google play
Available on the App Store

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना